## मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | विश्व बैंकबाट उपलब्ध हुने ८० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | स्थानीय पूर्वाधार सहयोग कार्यक्रमअन्तर्गत कर्णाली प्रदेशमा गएको पछिल्लो भूकम्पको कारण भएको क्षतिको पुनर्निमाण र पुनर्स्थापनाका लागि बेलायत सरकारबाट प्राप्त हुने थप ८.१ मिलियन पाउण्ड स्टर्लिङ बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ३ | अर्थ मन्त्रालय | २०८१ असार २७ गतेदेखि २९ सम्म चीनको बेइजिङमा आयोजना हुने उच्चस्तरीय सम्मेलनमा माननीय अर्थमन्त्रीको भ्रमण स्वीकृत गर्ने। |
| ४ | अर्थ मन्त्रालय | आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानतर्फ विनियोजन भएको कुल रकम रु. ८७ अर्ब ३५ करोड २९ लाखको त्रियानब्बे प्रतिशतले हुने रकम रु. ८१ अर्ब २३ करोड ८१ लाखमध्ये रु. ६४ अर्ब २४ करोड ५९ लाख हस्तान्तरण भएकोले हस्तान्तरण हुन बाँकी रकम रु. १६ अर्ब ९९ करोड २२ लाखलाई तत् तत् स्थानीय तहमा सोही अनुपातको आधारमा हस्तान्तरण गर्ने। |
| ५ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | विद्युत नियमन आयोगको रिक्त अध्यक्ष पदमा डा. रामप्रसाद धिताल, सिन्धुपाल्चोक तथा रिक्त २ सदस्य पदमा डा. मधुसुधन अधिकारी, काठमाडौं र श्री झमक प्रसाद शर्मा, संखुवासभालाई नियुक्त गर्ने। |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशक पदमा डा. राजेन्द्रप्रसाद यादव, सप्तरीलाई नियुक्त गर्ने। |
| ७ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक नियुक्तिको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | अष्ट्रेलियाको न्यू साउथ वेल्स राज्य कार्यक्षेत्र रहने गरी श्री संजिव कुमार शर्मा र भिक्टोरिया राज्य कार्यक्षेत्र रहने गरी श्री निराजन गौलीलाई अवैतनिक वाणिज्यदूत नियुक्त गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | नेपाल र चीनबिच द्विपक्षीय परामर्श संयन्त्रको १६औं बैठक २०८१ असार १० देखि १२ सम्म काठमाडौंमा आयोजना गर्ने र उक्त |

| | | |
|---|---|---|
| | | बैठकमा भाग लिन परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गरी उक्त बैठकको कार्यसूची (Agenda) स्वीकृत गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय धादिङको १५ शय्याको अस्पतालको भवन निर्माण, यातायात व्यवस्था सेवा कार्यालय बर्दिबासको भवन निर्माण र सरावल गाउँपालिकाको वडा कार्यालय तथा प्रशासकीय भवन निर्माणका लागि सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने। |
| ११ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | साझा प्रकाशन (सहकारी संस्था लि.) को सञ्चालक समितिको सदस्य पदमा श्री रमेशप्रसाद भट्टराई, काठमाडौंलाई तोक्ने। |
| १२ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिमा श्री उद्धवप्रसाद तिमल्सेना, काठमाडौंलाई मनोनयन गर्ने। |
| १३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | धादिङ र गोरखा जिल्लामा रहेको श्री ५ को वायु गुठीका जग्गाहरुको अध्ययन गरी समस्या समाधानार्थ तीन महिना भित्र राय सुझावसहितको प्रतिवेदन पेस गर्न श्री पद्मनिधि सोतीको संयोजकत्वमा समिति गठन गर्ने। |
| १४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक योजना अन्तर्गत पुर्कोटदह-म्यालपोखरी-सिर्सेनी सडकखण्डमा पर्ने गुल्मी जिल्ला मदाने गाउँपालिका वडा नं.२, ४ र ६ का घरटहरा/संरचनाहरू क्षतिपूर्ति दिई हटाउन स्वीकृति प्रदान गर्ने। |
| १५ | युवा तथा खेलकुद मन्त्रालय | मिति २०८१ असार १४ गतेदेखि २० गतेसम्म गणतन्त्र कोरियाको सिओलमा आयोजना हुने कार्यक्रममा सहभागिताका लागि माननीय युवा तथा खेलकुद मन्त्रीको वैदेशिक भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| १६ | वन तथा वातावरण मन्त्रालय | महाकाली सिंचाइ आयोजना (तेस्रो चरण) मूल नहर निर्माण, चौंरीदेउराली गाउँपालिका काभ्रेपलाञ्चोकको प्रशासनिक भवन निर्माण र माथिल्लो म्याग्दी जलविद्युत निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने। |
| १७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्रतिलिपि अधिकारसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| १८ | सहरी विकास मन्त्रालय | अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (तेस्रो संशोधन) आदेश, २०८१ स्वीकृत गर्ने। |

| | |
|---|---|
| १९ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी नियमावली, २०८१ स्वीकृत गर्ने। |
| २० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| २१ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१/३/९ को पत्रानुसार नेपाल सरकारका मुख्यसचिव डा. बैकुण्ठ अर्यालको विरुद्धमा श्री विशेष अदालत, काठमाडौंमा आरोपपत्र दर्ता भएको हुँदा प्रचलित कानूनबमोजिम निज स्वतः निलम्बन हुने। हाललाई राष्ट्रिय योजना आयोगमा राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्यसचिवसरहको पद सिर्जना गर्ने र निज डा. बैकुण्ठ अर्याललाई उक्त पदमा सरुवा गर्ने। |